नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## शैक्षिक सूचना व्यवस्थापन शाखा

सानोठिमी, भक्तपुर

प.सं.: मिति : २०७७/०६/२७

च.नं.:

विषय : **Flash I&II School Census अन्तरगतको Electronic based को School Level IEMIS तथ्याङ्क अध्यावधीकरण र व्यवस्थापन सम्वन्धी पुनः प्रकाशित अत्यन्त जरूरी सूचना ।**

**श्री सबै तह र प्रकारका विद्यालयहरू,**
**श्री स्थानीयतहहरु (सबै)**
**श्री शिक्षा विकास तथा समन्वय इकाई (सबै)**

प्रस्तुत विषयमा बिगत २०६१ सालदेखि सवैका लागि शिक्षा कार्यक्रम (EFA) को कार्यान्वयन सँगै मुलुक भरी सञ्चालित सवै प्रकार र तहका (सामुदायिक, संस्थागत र धार्मिक प्रकृतिका) विद्यालयहरूवाट प्रत्येक शैक्षिक सत्रको सुरू (जेष्ठ ७गते) र अन्त्य (चैत्र २३ गते) सम्मको आधारमा क्रमशः Flash I र Flash II School Census अन्तरगत विद्यालयतहको **"विद्युतीय एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Excel based को Electronic School level IEMIS)"** को माध्यमवाट विद्यालय शिक्षासँग सम्वन्धित सवै प्रकारका शैक्षिक सूचनाहरू सङ्कलन, व्यवस्थापन, विश्लेषण, प्रतिवेदन तयारी, प्रवोधीकरण र प्रकाशनका कार्यहरू साथै सोही आधारमा विद्यालय र तीनै तहका सरकारका योजना निर्माण, योजनाको कार्यान्वयन, विद्यालय शिक्षामा प्रभावकारी सहयोग पद्धतिको विकास, अनुगमन र मूल्याङ्कन जस्ता महत्वपूर्ण कार्यहरू निरन्तर हुँदै आएको व्यहोरा विदितै छ ।

यस सन्दर्भमा COVID-19 को प्रकोप र जोखिमका कारण नेपाल सरकारको गत २०७६/१२/०६ को निर्णय अनुसार भौतिकरूपमा उपस्थितभई सञ्चालन गर्ने सबै प्रकारका शैक्षिक गतिविधिहरू अर्को व्यवस्था नभए सम्मकालागि बन्द गर्ने भनिएको र हालसम्म सम्पूर्ण शैक्षिक संस्थाहरू बन्दबन्दीको अवस्थामा रहेका छन् । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी **विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका-२०७७** मा आश्विन १ गते देखि विद्यार्थी भर्ना प्रारम्भ गर्ने विषय उल्लेख भएको सन्दर्भमा विद्यालयतहको **"विद्युतीय एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Excel based को Electronic School level IEMIS)"** को व्यवस्थापनलाई निरन्तरता दिन नितान्त जरूरी देखिएको छ । त्यसैगरी संघ, प्रदेश र स्थानियतहहरूको प्रयासमा विद्यार्थी सिकाईलाई निरन्तरता दिनका लागि विविध बैकल्पिक सिकाईका विधिहरू सञ्चालन गर्दै आएकाले सो सम्बन्धी भए गरेका क्रियाकलापहरूको समेत सूचनाहरूको सङ्कलन र व्यवस्थापन गर्न आवश्यक देखिएको छ । यी दुबै कार्यहरूका लागि आ-आफ्नो स्थानियतह र विद्यालयको सुरक्षित अवस्थालाई ध्यानमा राखी विद्यालयको सीमित जनशक्ति प्रयोग गरी सम्बन्धित सबै प्रकार र तहका विद्यालयहरूले आफ्नो विद्यालयको **Electronic School level IEMIS** मा सबै अभिलेखहरुको अध्यावधीकरण गर्न गराउन साथै **विद्यार्थी सिकाइ सहजीकरण कार्यक्रमहरूका बारेमा भए गरेका क्रियाकलापहरूको बारेमा Online सर्वेक्षण फाराम** भर्ने भराउने बारेमा तपसीलअनुसार गर्नु गराउनु हुन मिति २०७७/०६/०५ को निर्णय अनुसार अनुरोध छ ।

I. **विद्यालय तहको "विद्युतीय एकिकृत विद्यालय शैक्षिक सूचनाव्यवस्थापन प्रणाली (Excel based को Electronic School level IEMIS)"**को व्यवस्थापनलाई सबै प्रकार (पूर्व प्रा.वि.तथा वालविकास, सामुदायिक, संस्थागत, धार्मिक र अन्य) र तहका (पूर्व प्रा.वि.तथा वालविकास देखि कक्षा १२ सम्म सञ्चालन भएका) विद्यालयहरूले अनिवार्य रूपमा निरन्तरता दिने र शैक्षिक सत्र २०७७ को लागि आफ्नो विद्यालयको IEMIS File अध्यावधिक गर्ने गराउने ।

2. सबै स्थानियतह अन्तरगतका सवै प्रकार र तहका विद्यालयहरूले चालु शैक्षिक सत्र २०७७ को नयाँ भर्नाको कार्यलाई पूर्णता दिई आ-आफ्नो विद्यालयको **<u>"विद्युतीय एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन को प्रणाली (Excel based ElectronicSchoollevelEMIS)" File</u>** मा गत शैक्षिक सत्र २०७६ मा व्यवस्थापन गरिएका सबै तथ्याङ्क एबम् सूचनाहरूलाई Update (अध्यावधिक) गरी २०७७ को नयाँ विवरणहरू समेत् Add गरी मिति २०७७ कार्तिक २५ गते सम्ममा अनिबार्यरूपमा **<u>Web Portal: iemis.doe.gov.np मा Upload</u>** गर्ने गराउने ।

3. सबै स्थानीय तहहरूले विद्यालयहरूको IEMIS File विद्यालय स्वयंलाई नै Upload गर्न लगाउने र User Account एवम् Password को सुरक्षण गर्न निर्देशन दिने ।

4. नयाँ स्थापना भएका वा हालसम्म **<u>"एकिकृत विद्यालय शैक्षिक सूचनाव्यवस्थापन प्रणाली (Excel based को Electronic based School level IEMIS)"</u>** तयार नगरेका वा नबुझाएका विद्यालयहरूको हकमा स्थानीयतहहरुले त्यस्ता विद्यालयको नाम, साविकको गा.वि.स./न.पा., वडा नं., टोल साथै हालको स्थानीयतहको नाम, वडा नं., फोन नं.र प्र.अ.को नाम उल्लेख गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक सूचना व्यवस्थापन शाखाको Emali Address: doeremis@gmail.com मा पठाउने र **<u>Excel based को Electronic based School level EMIS Files</u>** प्राप्त गरी माथि बूँदा नं.१ देखि ३ अनुसार गराउने ।

5. कक्षा ११ र १२ को शैक्षिक सत्र फरक भएकाले यस्ता माध्यमिक विद्यालयहरूले IEMIS File दुई पटक अध्यावधिक गरी वुझाउनु पर्नेछ, जसमा कक्षा १२ का लागि २०७६ को कक्षा ११ का विद्यार्थी Update गरी अन्य कक्षाहरूसँगै व्यवस्थापन गर्ने र कक्षा ११ को नयाँ भर्ना सकिए पछि Add गर्ने र पूनः Upload गर्ने व्यवस्था मिलाउने ।

6. सवै विद्यालयको IEMIS Files Upload भइसके पछि सम्वन्धित नगरपालिका र गाउँ पालिकाले आफ्नो योजना निर्माण, योजनाको कार्यान्वयन, विद्यालय शिक्षामा प्रभावकारी सहयोग पद्धतिको विकास, अनुगमन, मूल्याङ्कन साथै अन्य महत्वपूर्ण कार्यहरूमा यसै तथ्याङ्कलाई प्रयोग गर्ने व्यवस्था मिलाउने ।

7. सम्वन्धित नगरपालिका र गाउँपालिका साथै शिक्षा विकास तथा समन्वय ईकाईले स्थानीयतह अन्तरगत Computer र Internet सुविधा नभएका विद्यालयहरूलाई उक्त सुविधा भएका विद्यालयसँग समन्वय गराई IEMIS सम्बन्धि कार्यहरूमा सहजीकरण र अनुगमन गर्ने साथै तथ्याङ्क/सूचनाको गोपनियता र सुरक्षाका लागि विद्यालयहरूलाई सकेसम्म Computer Institute जस्ता ठाउँमा IEMIS को कार्य नगराउन निर्देशन दिने ।

8. यस सम्वन्धी थप वुझ्न परेमा यस केन्द्रको फोन नं.०१६६३८७०४/९८४१४२५६०७/९८४१५१४०२९ मा फोन गर्न वा Email address: doeremis@gmail.com/janu2052@gmail.com मा Email गर्न सकिने छ ।

9. **<u>विद्यार्थी सिकाइ सहजीकरण कार्यक्रमहरूको सर्वेक्षणसम्वन्धी</u>** सूचना यस केन्द्रको **<u>Web-site र iemis.doe.gov.np Portal</u>** राखिएकोले उक्त सूचना प्राप्त गरी सोही अनुसार गर्नु गराउनु हुन समेत् अनुरोध छ ।

<u>पूनश्चः</u> हाल COVID-19 को प्रकोप र जोखिम रहेकाले माथिका कार्यहरू गर्दा गराउदा आवश्यक सुरक्षाका उपायहरू अनिवार्यरूपमा अपनाउन हुन समेत अनुरोध छ ।

**<u>बोधार्थ</u>**

श्री शिक्षा विकास निर्देशनालय (सबै) : समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।

शंकरबहादुर थापा
निर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शैक्षिक सूचना व्यवस्थापन शाखा, सानोठिमी, भक्तपुर